प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुर
प्रदेश नं.१ गाईघाट

# प्रस्ताव आह्वान सम्बन्धि सूचना

सूचना नं.७-२०७९/०८०

प्रथम पटक प्रकाशित मिति २०७९/०८/२८

अन्तिम मिति २०७९/०९/१३

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुरको आ.व.२०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायका कार्यक्रम कार्यान्वयन गर्नका लागि खोटाङ जिल्ला अन्तर्गतका ईच्छुक व्यावसायिक पशु पालन फर्म/कृषक समूह/सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्न हुन आह्वान गरिन्छ ।साथै म्याद नाघी प्राप्त हुन आएका प्रस्ताहरु दर्ता नहुने र रित नपुगेका प्रस्तावहरु छनौट प्रकृयामा समावेस नगराइने व्यहोरा सूचित गराइन्छ ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुर सम्पर्क केन्द्र खोटाङको फोन नं.०३६-४२०१०७ वा प.चि. श्री चन्द्र किशोर यादव को मोवाइल नं.९८६३०००४६६ मा सम्पर्क राखहुन वा कृषि मन्त्रालयको वेभसाइट www.molmac.p1.gov.npवा dolfd.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सकिनेछ ।

कार्यक्रम विवरण :-

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | उपलव्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | प्रदेश कृषि व्यावसाय प्रवर्द्धन अनुदान नियमावली २०७८ संग सम्वन्धित | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | बोयर बोका खरिद तथा वितरण | संख्या | ५० | कुल लागतको ७५% वा बढीमा ७५ हजार प्रति इकाई | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ को अनुसूचि-२ (नियम ६ को खण्ड (क) संग सम्वन्धित) व्यावसायिक योजना | कम्तिमा २० माउ बाख्रा भएको व्यावसायिक फार्म वा बाख्रा पालक कृषकसमूह/समिति/सहकारी को हकमा कम्तिमा ३ वटा माउ बाख्रा भएको १० घर धुरिका लागि १ वटा बोयर बोका |

प्रस्तावकको साथमा गर्नु पर्ने कागजातहरु :-

१.रु.१० को टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।

२.व्यक्तिगत फर्मको हकमा रु.१०० तथा संस्थागत आवेदनको हकमा रु.२०० रुपैयाको राजश्व दस्तुर बुझाएको रसिद ।

३.व्यवसायिक योजना/आधारभूत तथ्याङ्क विवरण

४.स्थानिय तहको सिफारिश।

५.प्रस्तावकले कम्तिमा ५ वर्षका लागि व्यावसायको निरन्तरता सम्वन्धि प्रतिवद्धता ।

६.कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने धनिपुर्जाको प्रतिलिपी वा लिजको हकमा कम्तिमा १० बर्षको करारनामा वा संझौता ।

७.समूह/समिती/सहकारीको हकमा कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपी ।

८.अन्य प्रमाण पत्रहरु(तालिम/शैक्षिक योग्यता)को प्रतिलिपी ।

९.सूचना प्रकाशन हुन अगावै प्रचलित कानून वमोजिम सरकारी निकायमा फर्म दर्ता/नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी ।

१०. अघिल्लो आर्थिक वर्ष सम्म अद्यावधिक गराएको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी,भ्याट/स्थायी लेखा नम्वर प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी र अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी।

११. पशु बिमाको कागजात र स्थानिय तहमा किसान सूचिकरण गरेको भएमा सोको प्रमाण पत्र पेश गर्ने प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।

१२. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।

१३.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

प्रस्ताव बुझाउन सक्ने स्थानः : भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुरको सम्पर्क केन्द्र खोटाङ दिक्तेल ।

नि. कार्यालय प्रमुख